**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख २३ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनीकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट वैशाख २३ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरे**का अनुसार वैशाख २३ गते गण्डकी प्रदेशमा थप १४ जनाको स्वाब परीक्षणको लागि नमूना सङ्कलन गरिएको छ । प्रदेशमा हाल सम्म कुल ६ सय ६० जनाको स्वाब परीक्षण गरिएको छ भने ६ सय ४४ जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । १४ जनाको स्वाब परीक्षणको रिपोर्ट आउन बाँकी रहेको छ । गण्डकी प्रदेशमा वैशाख २३ गते १ सय १५ जनाको र हाल सम्म कुल ६ हजार १ सय ८९ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । पोखरा महानगरपालिकाले पोखरा मनपा-१८ काजलारी समुदायलाई दैनिक ज्यालादारी रूपमा रोजगारी उपलब्ध गराएको छ ।
महानगरपालिकाले फेवा ताल किनारमा रहेका जलारी समुदायको घरको एक जनाका दरले र अवस्था दयनीय भएको परिवारका तीन जनासम्मलाई फेवा तालमा जलकुम्भी निकाल्ने काम दिइएको छ ।
पोखरा महानगरपालिका वडा नम्बर १८ का अध्यक्ष रणबहादुर थापाले जलारीलाई काम दिन महानगरपालिकाले २ लाख ६२ हजार रुपियाँ बजेट छुट्याएको जानकारी दिनुभयो ।
उहाँका अनुसार तालबाट जलकुम्भी निकाले वापत एक जनाले दैनिक ३ सय ५० रुपियाँ ज्याला पाउँछन् ।
राहत वितरणको कममा महानगरपालिकाले फेवा ताल किनारका ५५ जलारी परिवारलाई दाल, चामल, नुन र तेल राहतको रूपमा दिइसकेको छ ।
फेवा तालमा माछा मार्दै दैनिक आम्दानी गर्ने जलारी समुदायले लकडाउनका कारण माछा बेच्न पाएका छैनन् । महानगरले राहत वितरण गर्न जाने क्रममा राहत नभइ काम दिन माग गरे अनुरूप उनीहरूलाई काममा लगाइएको वडाध्यक्ष थापाले बताउनुभयो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार जिल्ला प्रहरी कार्यालय भवन निर्माणका लागि आएका २८ जना मदजुरको आरडीटी प्रविधि मार्फत कोराना परीक्षण भएको छ । उनीहरू सबै जनाको रिपोर्ट नेगेटिभ आएकाले क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ बमोजिम छुट्टै भवनमा क्वारेण्टाइनमा राखेर निर्माण कार्यलाई निरन्तरता दिने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
नेपाल सरकारद्वारा उत्पादन तथा निर्माण कार्यलाई सुरक्षा सतर्कता अपनाइ निरन्तरता दिने भन्ने निर्देशन अनुसार लकडाउनको कारणले तत्कालिन अवस्थामा स्थगित गरिएकोमा पुनर्निर्माणलाई निरन्तरता दिन लागिएको एसपी अधिकारीले बताउनुभयो ।
वैशाख २३ गते लकडाउन उल्लंघन गर्ने नौ जनालाई गोरखा नगरपालिका-६ बाट प्रहरीले नियन्त्रणमा लिएको एसपी ओम अधिकारीले बताउनुभयो । उनीहरूलाई प्रहरी कार्यालयमा कोभिड-१९ सम्बन्धी सचेतनामुलक अनुशिक्षण समेत दिइएको उहाँले बताउनुभयो । नियन्त्रणमा लिएकाहरूलाई सङ्क्रमण रोग ऐन, २०२० बामोजिम जिल्ला प्रशासन कार्यालयले प्रति व्यक्ति १ सय रुपियाँ जरिवाना गरी छोडिएको छ ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार जिल्ला प्रशासन कार्यालयले सवारी साधन अनुमति पासमा कडाइ गर्दै एउटा जिल्लाबाट अर्को जिल्लामा जनापरे सम्बन्धित जिल्ला अधिकारीको अनुमति चाहिने र दुबै जिल्लाका जिल्ला अधिकारीसँगको समन्वयमा अत्यावश्यक कामको पुष्टि गरेर मात्रै सवारी पास जारी गर्ने भनी वैशाख २३ गते परिपत्र जारी गरेको छ । कावासोती नगरपालिकामा वैशाख २३ गते स्थानीय बैकहरू खोलिएसँगै लकडाउनको उल्लंघन भएको देखिएको छ । लगभग २ सय मानिस एसबीआई बैकमा जम्मा भएका थिए । भारतीय सेनामा काम गरेकाहरूको पेन्सन लिने दिन भएकोले यस्तो भिड भएको एक प्रत्यक्षदर्शीले बताउनुभएको छ । इन्सेक नवलपुर सहजकर्ता ज्ञानु पंगेनी र मानव अधिकार समूह कावासोती नगरपालिकाकी सदस्य पवित्रा पौडेलको पहलमा कावासोती नगरपालिका वडा नम्बर ३ का  तीन जना विपन्न परिवारलाई वैशाख २२ गते राहत प्रदान गरिएको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार पर्वतमा वैशाख २३ गते  ६ जनाको पीसीआर प्रविधिबाट स्वाब परीक्षण गरिएको छ । जिल्ला अस्पताल पर्वतमा उपचारका लागि आएका बिरामीहरूको स्वाब सङकलन गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइएको र रिपोर्ट नेगेटिभ आएको जिल्ला अस्पताल पर्वतका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. शिशिर देवकोटाले जानकारी दिनुभयो ।
त्यस्तै वैशाख २२ गते कोरोनाको शङका गरिएका दुई जना स्वास्थ्यकर्मी र एक जना कुश्मा नगरपालिका-१३ का युवाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको डा. देवकोटाले जानकारी दिनुभयो ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार जिल्ला प्रशासन कार्यालय तनहुँले जिल्लाभन्दा बाहिर जाने सवारी साधनको लागि पास नदिने भएको छ । सहायक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्यालले वैशाख २३ गते जारी गरेको सूचनामासरकारले गरेको लकडाउनलाई थप कडाइ र प्रभावकारी बनाउन जिल्ला भन्दा बाहिर जान कुनै पनि सवारी साधनलाई पास उपलब्ध नगराइने बताएको छ ।
यसैगरि जिल्लाका स्थानीय तहरूले परीक्षाफल प्रकाशनको तयारी गरेका छन् । जिल्ला समन्वय समितिले वैशाख २३ गते गरेको सबै स्थानीय तहसँगको समन्वय बैठकमा स्थानीय तहहरूले वैशाख २८ गते भित्र सम्पूर्ण परीक्षाफल प्रकाशन गरिसक्ने प्रतिबद्धता जनाएको शुक्लागण्डकी नगरपालिकाकी उपप्रमुख सविता रसाइलीले बताउनुभयो ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**